# काभ्रेपलान्चोक जिल्ला अदालत

(प्रशासन शाखा)

धुलिखेल, काभ्रेपलान्चोक

पत्र संख्याः २०७७/०७८

च.नं.९६

मितिः २०७७।०४।११

**समाजसेवी र बाल बिशेषज्ञ वा बालमनोबैज्ञानिकको छनौट गर्ने प्रयोजनको लागि दरखास्त आव्हान सम्बन्धमा सूचना!!!**

बालन्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ अनुसार यस काभ्रेपलाञ्चोक जिल्ला अदालतको बाल इजलासमा रहने समाजसेवी, बाल विशेषज्ञ वा बालमनोबैज्ञानिक छनौट गर्ने प्रयोजनको लागि उक्त नियमावलीको नियम १३ बमोजिम तपसिल बमोजिमको योग्यता भएका तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम सुचिकृत भएका नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र देहाय बमोजिमको योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी र नागरिकताको प्रतिलिपी सहित दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**समाजसेवी**

- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कूनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा १ (एक) महिनाको तालिम प्राप्त गरेको।
- फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,
- बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६२ बमोजिम स्थानिय बाल अधिकार समितिमा सुचिकृत भएको।

**बाल विशेषज्ञ वा बालमनोबैज्ञानिक**

- मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कूनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बालमनोविज्ञानका सम्बन्धमा २ (दुई) महिनाको तालिम प्राप्त गरेको।
- फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,
- बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६२ बमोजिम स्थानिय बाल अधिकार समितिमा सुचिकृत भएको।